## पृष्ठभुमी

## गुराँस गाउँपालिकाको परिचय

दैलेख जिल्लाको पर्यटकीय स्थलको रुपमा रहेको गुराँस गाउँपालिका, कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट २५ कि.मि.को दुरीमा रहेको छ ।

साविकका वराह, सेरी, खड्कवाड, गोगनपानी, पिलाडि, लालिकाँडा गा.वि.स.हरुलाई जोडेर हालको गुराँस गाउँपालिकाको निर्माण गरिएको हो । झट्ट हेर्दा नेपालको नक्शा जस्तो देखिने गुराँस गाउँपालिका समुन्द्री सतहबाट सबैभन्दा कम ५४४ मिटरमा रहेको वडा नं. २ स्थित तल्लो डुङ्गेश्वर प्रसिद्ध कर्णाली नदीको किनारमा कर्णाली राजमार्गमा अवस्थित छ । भने सवैभन्दा बढी उचाई रहेको वडा नं.७ स्थित मालिका कोप्ची जाजरकोट जिल्लाको सिमानामा रहेको छ । राष्ट्रिय जनगणना २०७८ को अनुसार गुराँस गाउँपालिकाको कुल जनसंख्या २१,१८९ रहेको छ, जसमध्य कुल जनसंख्याको ५१ % महिला छन् भने ४९ % पुरूष रहेका छन् । करिब १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल रहेको गुराँस गाउँपालिका व्यवसायीक आलु तथा तरकारी उत्पादन र पर्यटनको कारणले प्रख्यात रहेको छ । यस गाउँपालिकामा गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाहेक पर्यटनहरु आउने गर्दछन् । गुराँस गाउँपालिकामा संचालित सबैजसो होटेलहरु लोकल कुखुरा कर्णाली तथा लोहोरे खोलाको माछा र स्थानीय खानेकुराको कारणले भरिभराउ हुने गरेको पाईन्छ ।

यहाँको बार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयस सम्म रहेको छ । कर्णाली प्रदेशको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जानको लागि मुलद्धारको रुपमा रहेको गुराँस गाउँपालिका कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त स्थान रहेको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा कृषि, पशुपंक्षी तथा अन्य घरेलु तथा साना उद्योग व्यवसायकको अग्रणी भूमिका रहेको छ । औधोगिककरणको गति मन्द रहेकोले यहाको कृषि तथा पशु व्यवसाय नै आर्थिक विकासको मूख्य आधार क्षेत्र हो । यस गाउँपालिकामा कृषि तथा पशुपंक्षी व्यवसायमा (९२.३३) प्रतिशत अत्यधिक जनसंख्या संलग्न रहेको छ । पढेलेखेका विपन्न र साधारण लेखपढ गर्ने व्यक्तिले पनि सहज रुपमा कृषि, पशुपंक्षी तथा अन्य साना उद्योग व्यवसाय अगाल्न सक्ने भएकोले यो व्यवसायलाई व्यवस्थित गर्न जरुरी छ । हाल रहेको मिश्रित व्यवसायीक प्रणालीले कृषि,पशुपंक्षी, वन, जडिबुटी पर्यटन तथा साना व्यवसायको विकास र विस्तार हुन नसकेको अवस्था छ ।

### गुराँस गाउँपालिका वडा नम्बर १ कोसंक्षिप्त परिचयः

राज्यको पुनःसंरचनासँगै दैलेख गुराँस गाउँपालिका वडा नम्बर एक साविकका खड्कबाडा गाउँपालिकाको केही भाग मिलाएर बनाइएको हो । पश्चिममा वराहाताल गाउँपालिका वडा नम्बर ७ पुर्वमा गुराँस गाउँपालिका वडा नम्बर ३ र उत्तरमा कर्णाली नदी र तुर्माखाँद गाउँपालिका र दक्षिणमा वराहातालसँग जोडिएको यो वडामा विशेषगरी मगर समुदायको वाहुल्यता बढी छ । मगर समुदायसँगै अन्य समुदायको पनि बसोबास रहेको वडा नम्बर एकका नागरिकको मुख्य पेशा कृषि हो । यो वडामा विभिन्न पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । विशेषगरी देउराली गुफा परिचित पर्यटकीय स्थलको रुपमा

रहेको छ भने यहाँ अन्य मनोरम वातावरणहरु रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को अनुसार वडा न १ को जनसंख्या २ हजार एक सय ३२ रहेको छ । जसमा पुरूष ९ सय ९२ र महिला ११ सय ३९ जना रहेका छन् ।

**सार्बजनिक सुनुवाईः**

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचनाभई तीन तहको सरकारको अवधारणाबाट स्थानीय सरकार गठन भएका छन् । जन निर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन् । तीनतहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएको छ । संघीय सरकार, प्रदेश सरकारर स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् । जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंक समानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन् ।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् ।

कुनै पनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, रजन सभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जन गुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकाससँग सम्बन्धित रहन्छ ।

**गुराँस गाउँपालिका वडा नम्बर १ सार्बजनिक सुनुवाई :**

वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानससमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । त्यही व्यवस्थाअनुसार आर्थिक बर्ष २०८१/०८२ को ६ महिनामा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको गुराँस गाउँपालिका वडा नम्बर १ को सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवा प्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजान आवश्यक रहेको छ ।

यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालिले गरेको हो ।

**सार्बजनिक सुनुवाईको उद्देश्यः**

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१/०८२ को ६ महिनामा गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा आम नागरिकको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो । यसका विशिष्ट उद्देश्यहरु तपशिल अनुसार रहेका छन् ।

- वडाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गर्न ।
- विकास निर्माणबारे सरोकारवालाहरुको धारणा, जिज्ञासा, विचार र सुझावलाई सम्बोधन गर्न ।
- स्थानीय सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्बाद स्थापित गर्न ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा सेवाप्रवाहलाई गुणस्तरीय बनाउन ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गर्न तथा सरकारलाई जिम्मेवार बनाउन ।

**सार्बजनिक सुनुवाईको विवरण**

**सहजिकरण गर्ने संस्थाः** स्टार इन्नोभेसन एण्ड रिसर्च सेन्टर प्रालि

**सार्बजनिक कार्यक्रम संचालन भएको मितिः** २०८१ माघ महिनाको १४ गते

**सार्बजनिक सुनुवाई भएको स्थानः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालय सेप्टी दैलेख ।

**सार्बजनिक सुनुवाई भएको समयः** १२ बजेदेखि ३ बजेसम्म

कार्यक्रममा सहभागी संख्याः ६० जना

**कार्यक्रमको प्रमुख जवाफदेही वक्ताः**

- वडा अध्यक्षः धर्म बहादुर रावल
- वडा सचिव दल बहादुर घले

**सहायक जवाफदेही वक्ताः**

१) दान बहादुर दर्लामी (वडा सदस्य)

२) नरउत्तम खड्का (वडा सदस्य)

३) हरिकला कामी (दलित महिला वडा सदस्य)

४) मन कुमारी रावत (महिला सदस्य)

५) प्रताव हमाल (भगवती प्रावि)

६) ओम रिजाल (सामुदायिक स्वास्थ्य इकाई इन्चार्ज )

७) टेक बहादुर रावल (वन उपभोक्ता समिति अध्यक्ष)

८) भवानी प्रसाद भट्टराई (पशु प्राविधिक)


**सार्बजनिक सुनुवाई कार्यक्रममा पेश भएका प्रतिवेदनहरुः**

गुराँस गाउँपालिका वडा नम्बर १ को आर्थिक बर्ष २०८१/८२ को अर्धबार्षिक सार्बजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवेदनहरु प्रस्तुत गरिएको थियो ।

- वडाको नीतिगत र सेवामा सुधार तथा योजना सम्बन्धि प्रतिवेदनः वडा अध्यक्ष धर्म बहादुर रावल
- चालू आर्थिक वर्ष २०८०/८१ मा वडाबाट प्रवाह भएका सेवाहरुको बारेमा प्रतिवेदनः वडा सचिव दल बहादुर घले
- स्वास्थ्य सेवाको प्रवाह र प्रगतिः स्वास्थ्य चौकी इन्चार्ज ओम रिजाल
- नागरिक सर्वेक्षण प्रतिवेदनः सहजकर्ता टेकराज केसी
- आचारसहिंता प्रस्तुतः सहजकर्ता टेकराज केसी

**सार्बजनिक सुनुवाई कार्यक्रममा भएको उपस्थिति**

२०८१/८२ को ६ महिनामा सम्पादन गरिएका विकास निर्माण कार्य, सेवा प्रवाहबारेमा सार्वजनिक सुनुवाई गरियो । सार्बजनिक सुनुवाई कार्यक्रममा विभिन्न वस्तीका स्थानीय, राजनीतिक दल, टोल विकास समिति, योजना उपभोक्ता समिति, सामुदायिक संस्था, विद्यालय, आमा समूह, शिक्षक, बुद्धिजीवि, पत्रकार लगायतको सहभागिता रहेको थियो ।



सार्वजनिक सुनुवाई कार्यक्रमका विषयहरु :

- शिक्षा
- स्वास्थ्य
- खानेपानी तथा सरसफाई
- रोजगार
- कृषि पशु
- भौतिक पूर्वाधार
- सुशासन विकास निर्माण
- सेवा प्रवाह स्थिति विवरण

गुराँस गाउँपालिका वडा नम्बर १ को आर्थिक बर्ष २०८१/०८२ को अर्धबार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा, सुझाव तथा जवाफ

| क्र.स | प्रश्नकर्ताको नाम ठेगाना | प्रश्नकर्ताको प्रश्न, जिज्ञासा, सुझाव | जवाफदेही वक्ताको जवाफ |
|---|---|---|---|
| १ | शेर ब. सुनार, गुराँस गा.पा. १ सिमेसाल | बिकाश निर्माणको काम छिटो हुनु पर्यो । | **धर्म बहादुर रावल (वडा अध्यक्ष)**: उहाँले मलाई भन्दा पनि यो कुरा माथि सम्मै पुगोस भनेर भन्नु भएको हो । |
| | | सामाजिक सुरक्षा भत्ता बुझ्न बैंकमा जान समस्या हुन्छ वडामा नै आयो भने राम्रो हुने थियो । | सामाजिक सुरक्षा भत्ता वडा बाट बितरण हुनु पछ तेस्मा हामिले पहल गरेकै छौ र पालिकाले पनि यसमा ध्यन दिनु पर्छ । र बाटोको समस्या छ मैले बुझ्केको छु । मेसिन बोलाउन खोज्दा कहिले बिग्रयो भन्छ कहिले के भयो भन्छ । |
| २ | टिका खड्का, गुराँस गा.पा. १ खड्काबाडा | रात दिन नभनि काम गर्ने महिला स्वास्थ्य स्वयंसेविका लाई कुनै पनि सेवा सुविधा छैन वडाले यसमा केहि गर्न सक्छ कि ? | **धर्म बहादुर रावल (वडा अध्यक्ष)**: महिला स्वास्थ्य स्वयंसेविका लाई सम्मान गर्नको लागि वडा बाट पचास हजार छुट्याइएको थियो तर पालिकाले तेसरी दिन मिल्दैन भनेर भन्नु भयो । मोबाइल किनेर दिन्छौ भन्दा पालिकाको लेखाले भुक्तानिको समय सकिन लाग्यो भनेपछि रकम फ्रज गयो । गर्न खोज्दा पनि भएको छैन । |
| | | महिला स्वास्थ्य स्वयंसेविका लाई काम गर त भनिन्छ तर आवस्यक सामान, र गर्भवती महिलाको लागि बस्ने ठाउँ उपलब्ध छैन कहिले सम्म उपलब्ध हुन्छ ? | **दल बहादुर घले (वडा सचिव)**: उहाँले भनेको कुरा जायज छ अरु नसके पनि रिचार्ज सम्म दिनलाई हामी पहल गर्ने छौ । |

| | | | |
|---|---|---|---|
| ३ | जग्मा रावल, गुराँस गा. पा १ सेप्टी दैलेख | महिला संजाल निष्क्रिय भए यसलाई कसरी सक्रिय बनाउन सकिन्छ ? | **ओम रिजाल (सामुदायिक स्वास्थ्य इकाई इन्चार्ज)**: उहाँले भन्नु भएको सांचो हो । यो सबै कर्मचारी अभावको कारणले भएको हो । यसलाई सुधार गर्न काम हुदैछ । |
| ४ | चन्द्र बहादुर वि. क., गुराँस गा.पा. १ सिमेसाल | सिमेसाल क्षत्रका कृषि उत्पादनलाई बढाउन र बजारीकरण गर्न मोटर बाटो, सिचाई र कृषि प्रविधिक ज्ञनको आवस्यकता छ अहिले सम्म सुनुवाई किन भएन ? बनाएको बाटो सानो छ, मोटर हिडाउन सकिदैन । यसको सुधार कहिले सम्म हुन्छ ? | **धर्म बहादुर रावल** (वडा अध्यक्ष): पालिकामा २ वटा मेसीन छन् बाटो बनाउन आयो भने भ्फालै पनि नमारेर जान्छ तेसलाई कति पटक भन्नु, झगडा गर्न पनि नमिल्ने यसमा पालिकाले नै ध्यान दिनु पर्छ । १ न. वडामा बिकाशको काम भएको छैन किन भएको छैन सबै जनताले बुझ्नु भएकै छ । मैले प्रयास गरेकै छु र गरिरहने छु । |
| ५ | धन कुमारी सुनार, गुराँस गा.पा. १ सिमेसाल | सिमेसाल टोलमा गर्भवती जांच गर्न भबन त बन्यो तर बसाई व्यवस्थापन छैन, भुइमा चटाइ लगाएर जांच गर्नु परेको छ । खाटको व्यवस्थापन कहिले सम्म हुन्छ ? | **धर्म बहादुर रावल** (वडा अध्यक्ष): हामीले प्रयास गरेका छौ पहिले सामुदायीक भबन बनाएका छौ अब बस्ने ब्यबस्थापनको काम पनि हुन्छ । |
| ६ | अन्य सुझावहरु | वडाको शिक्षा, स्वास्थ्यको अवस्था सुधार गर्नेगरी योजना बनाएर जानुपर्छ । वडाभित्रका बाटाघाटाका सुधार गर्दै लैजाने र योजना छनौट गर्दा वस्ती स्तरसम्म पुगेर बनाउन सुझाव छ । | |

**सार्वजनिक सुनुवाई गर्न अपनाइएको विधि :**

- वडा कार्यालयसँग समन्वय
- सार्वजनिक सूचना टाँस, (फेसबुक, सूचना पार्टी, वेभसाइड)
- कार्यालयको तर्फबाट पत्रचार

**कार्यक्रमबाट भएका उपलब्धिहरु :**

- वडा कार्यालय र आम नागरिकबिचको सम्बन्ध प्रगाढ भई विकास निर्माणका काममा जनसहभागिता बढ्ने छ ।
- योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ । भने सुधारको मौका प्राप्त हुने छ ।
- जनताको आवश्यकता पहिचान भई त्यही अनुसारको योजना बनाउन सहयोग पुग्ने छ ।

**सिकाई सुझाव :**

समग्रमा हरेक वर्ष सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेका छन् । तर सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझै फराकिलो घेरामा बनाउनु आवश्यक देखिन्छ । यसको लागि निम्नलिखित सुझाव पेश गर्न चाहन्छौ ।

- सार्वजनिक सुनुवाईमा स्थानीय सहभागिताको लागि आयोजकले बढि ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम खुला चौर अथवा ग्रामीण भेग केन्द्रीत गर्नुपर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझाव कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- वडामा नागरिक वडापत्रको प्रयोग बढाउनुपर्ने तथा सबै देखिने पहुँच भएको ठाउँमा राख्नुपर्ने ।
- स्थानीयको गुनासो अभिलेखीकरण गर्नुपर्ने ।

**निष्कर्ष :**


स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन् । नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ ।

नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा स्थानीय सरकारप्रति जनचासो देखाउनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको निश्कर्ष निकालिएको छ ।


**प्रतिवेदनहरुः**

सार्बजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएका प्रतिवेदनहरु निम्न छन्:

- **वडा तर्फबाट सेवा प्रवाहको अवस्था सम्बन्धि प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाहको अवस्थाका विषयमा अर्धबार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।
- **विकास निर्माण र नीतिगत सुधार सम्बन्धि प्रतिवेदनः** विकास निर्माण अन्तरगत योजना कार्यान्वनयन तथा नीतिगत सुधारमा भएका प्रयासका विषयमा समेत जानकारीमुलक प्रतिवेदन पेश गरिएको थियो ।
- **नागरिक सर्वेक्षण प्रतिवेदनः** गुराँस गाउँपालिका वडा नम्बर १ कार्यालयको सेवा प्रवाह र विकास निर्माणको सन्दर्भमा वडाभित्रका केही नागरिकलाई नमुनाको रुपमा प्रश्नहरु सोधि आएको परिणामहरु कार्यक्रममा प्रस्तुत गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ ।




## सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?




# २. सेवाको नियमितता


**नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**






## कार्यालयमा कर्मचारी र पदाधीकारीको नियमितता






**तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**






यस कार्यालयले सार्बजनिक चासो तथा समस्या समाधान गर्न औसतमा कति दिन लगाउने गर्छ ?
दुइ दिन
३०%
धेरै दिन
०%
एक दिन
७०%


?
२%
९८%



छ ?
२% २%
९६%
धेरै
गरेको छैन



कर्मचारीप्रतिको विश्वास
९६%
४%
०%
धेरै
ठिकै
विश्वास छैन



विपन्न वर्गको लागि सेवा तथा वजेटको प्रयोग
२%
६%
९२%
छ
छैन
अलि अलि थाहा छ



सेवाको गुणस्तर
सेवा लिँदा यस कार्यालयले दिने जानकारीबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?
८०%
२०%
०%
सन्तुष्ट
कम सन्तुष्ट
असन्तुष्ट


## तपाइ यस कार्यालय आउदा कसको सहयोग लिनुभयो ?














तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?
०%
१०%
९०%
धेरै
कम
गरेको छैन



तपाईको विचारमा पालिकावायसका सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा पदान गरेको जस्तो लाग्छ ?
अतिकम
०%
धेरै
०%
ठीकै
१००%


तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?
०%
०%
१००%
धेरै भएको छ
ठीकै भएको छ



सिफारिस सम्बन्धी
सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो?
६२%
३८%
०%
पाएँ
ठीकै पाएँ
स्पष्ट पाइँन


सिफारिस लिँदाकसको सहयोग लिनुभयो ?
२%
९८%
आफै
मध्यस्थकर्ता
नेता ठूलाबडा



राजस्वदस्तुर सेवाको कससँग उठाउने गर्दछन् ?
सबैसँग उठाउँछन्
०%
०%
१००%
सबैसँग उठाउँछन्
सीमित व्यक्तिसँग मात्र उठाउँछन्
धेरै वक्यौता रहने गरेको छ





कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?
खराब
०%
राम्रो
०%
ठीकै
१००%






कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?
६०%
३८%
२%
तुरुन्तै हुन्छ
पटक पटकभने पछि मात्रै हुन्छ
जतिभने पनिहुन्न



तपाईको विचारमा कार्यालयले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?
०%
८%
९२%
नियमित र राम्रोसँग
ठीकै गर्छ
नियमित रुपमा गर्दैन



तपाईको वडामा विकास निर्माणको स्थिति कस्तो छ?
०%
२%
९८%
राम्रो
ठीकै
खराब



तपाईको वडामा संचालन गरेका आयोजनाहरु कत्तिको प्रभावकारी छन् ?
०%
२%
९८%



स्थानीय सरकारमा आयोजनाको बिलभुक्तानी दिने व्यवस्था कस्तो छ?
९८%
0%
२%
0%
सहज
असहज
ठीकै
अप्ठयारो



आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?
९४%
६%
0%
पर्दैन
मागैरै लिन्छन्
रकम नदिए अप्ठ्यारो पार्छन्



आयोजना सञ्चालन गर्दा कार्यालयबाट प्राविधिक सहयोग कतिको पाउनु भयो ?
२%
४%
९४%
सजिलै पाइयो
कहिलेकाँही पाइयो
मागगर्दा पनि पाइएन



कार्यालयमा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?
९६%
२%
२%
सजिलै पाइन्छ
सोधेपछि पाइन्छ
सोधेपनि पाइदैन



यस कार्यालयको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?
खै कतै देखिएन
20%
कहिलेकाही टाँसेको देखिन्छ
4%
टाँसेको देखेको छु
76%



पारदर्शिता सम्वन्धी
यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतकाबारेमाजानकारी पाउनु भएको छ ?
2%
10%
88%



कार्यालयले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट
कार्यक्रम, कार्यप्रगति आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?
हुने गरेको छैन
०%
हुने गरेको छ
१००%



सार्वजनिक हुने माध्यम के के हुन् ?
०%
१२%
०%
८६%
२%
वेवसाइट
सूचना पाटी
पत्रपत्रिका र मिडिया
सार्वजनिक सुनुवाई
जानकारी नै छैन



यस कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?
१४%
८२%
०%
४%
सहजै पाए
धेरै पटक भनेपछि पाए
पाइन
वास्ता नै गरिएन



बहिर्गमन अभिमत
सेवालिनको सँग सम्पर्क गर्ने भन्नेमातपाईको धारणा के–कस्तो छ ?
अस्पष्ट
०%
अति स्पष्ट
०%
ठिक
१००%


सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कतिबुझे जस्तो लाग्यो ?
१००%
०%
०%
अति धेरै
ठिक
धेरै


तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?
१००%
०%
०%



सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण – कागजात र शुल्क–दस्तुर ) बारे तपाईलाई सेवाप्रदायककर्मचारीले स्पष्ट गरे कि?
१००%
0%
0%
अति स्पष्ट गरिदिए
ठिक
अलमल हुने गरी


तपाईले राख्नु भएका समस्यालाई के–कस्तो समाधान दिए ?
१००%
0%
0%
अति सजिलो तरिकाबाट समाधान दिए
ठिक
समाधान दिन सकेनन


सेवाप्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?
१००%
0%
0%
छोटो
लामो

## लिखित प्रतिवद्धता

सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागि प्रश्नकर्ता र जवादेहीवक्ताबाट उठेका सवाल र जवाफको आधारमा लिखित प्रतिवद्धता समेत व्यक्त गरिएको थियो जसलाई तल प्रस्तुत गरिएको छ ।



आज मिती २०७९ साल माघ महिनाको १४ गते गुराँस गा.पा.को आयोजना तथा स्टार इन्तोकेसनको सहजीकरणमा सम्पन्न वडा नम्बर-१ को सार्वजनिक सुनुवाई कार्यक्रममा तपशिलका प्रतिवद्धता व्यक्त गर्दछौं।

तपशिल

प्रतिवद्धता-१: वडाको सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं।

२) विकास निर्माणका कामलाई कार्यान्वयनमा जोड दिँदै जनतालाई विकासको पहुँचमा लैजाने प्रतिवद्धता व्यक्त गर्दछौं।

३) स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउँदै महिला स्वास्थ्य स्वयमसेविकाका समस्या पहिचान गरी सहजताका लागी पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

४) कृषि क्षेत्रलाई प्राथमिकता दिने र पशु सेवालाई प्रभावकारी बनाएर जनताको पहुँचमा पुर्याउने प्रतिवद्धता व्यक्त गर्दछौं।

५) शिक्षाको गुणस्तर कायम गराउनेगरी योजना बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं।

६) विद्युतको समस्या समाधान गर्नेगरी प्रतिवद्धता व्यक्त गर्दछौं।

७) वडाको सेवा प्रवाह र विकासका काम गर्दा नीति नियममा रहेर गर्न हामी सबै प्रतिवद्ध छौं।

## सार्बजनिक सुनुवाइका झलकहरु











